रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले न्यायिक मामिलामा घुस दिने र लिने दुवैलाई श्राप दिनुभएको छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले न्यायिक मामिलामा घुस दिने र लिने दुवैलाई श्राप दिनुभएको छ । [सही] [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घूस दिने र लिनेहरूका लागि अल्लाहको रहमत (कृपा) बाट टाढा रहने श्राप दिनुभएको छ । निर्णयमा पक्षपात गर्न र आफ्नो पक्षमा अनाहक निर्णय गराउने उद्देश्यले न्यायाधीशहरूलाई दिइने घुस पनि यसमा समावेश छ ।

http://www.sunnah.global/hadeeth/ne/show/64689